नेपाल सरकार

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

# सामाजिक सुरक्षा कोष

केन्द्रीय कार्यालय
थापाथली, काठमाडौं, नेपाल।

प.सं: ०८२/८३-९/८२-८४ च. नं.: 68 मिति:२०८३/०५/२६
नेपाल संवत: ११४६ गुंलागा आमै

## धितो मूल्याङ्कनकर्ता सूचीकृत गर्ने सम्बन्धी सूचना!

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२६**

यस कोषबाट योगदान कर्ता सापटी लिन चाहने योगदानकर्ताहरूबाट धितो सुरक्षण बापत लिइने घरजग्गा योगदानकर्ता सापटी निर्देशिका (दोस्रो संशोधन सहित), २०७९ को दफा ३१ को अधीनमा रही मूल्याङ्कन सम्बन्धी कार्य गर्नका लागि तपसिल बमोजिमका स्थानहरूका लागि मूल्याङ्कनकर्ताहरू सूचीकृत गर्नुपर्ने भएकाले उक्त प्रयोजनका लागि सम्बन्धित विषयको सेवा प्रदान गर्न स्वीकृति प्राप्त गरेका इच्छुक योग्यता पुगेका रजिस्टर्ड फर्म/कम्पनीहरूले फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा/मूल्य अभिवृद्धि कर (PAN/VAT) दर्ता प्रमाणपत्र र आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहितको आवेदन यस कोषको वेबसाइट www.ssf.gov.np मा गई https://ssf.gov.np/suchi-letter-form बाट वा कोषको शाखा कार्यालय (विराटनगर, सिमरा) तथा सम्पर्क कार्यालय (जनकपुर, काठमाडौं, पोखरा, बुटवल, नेपालगञ्ज) मा भौतिक रुपमा मौजुदा सूचीमा सूचीकृत हुन सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

धितो मूल्याङ्कन गर्नुपर्ने स्थान कोशी प्रदेश, मधेश प्रदेश, बाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश शाखा तथा सम्पर्क कार्यालयबाट सेवा प्रदान गरिने कार्यक्षेत्रभित्रका सम्पूर्ण जिल्लाहरू पनि समावेश गर्न सकिने।

| शाखा/सम्पर्क कार्यालय | विराटनगर | सिमरा | काठमाडौं | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज/सुर्खेत |
|---|---|---|---|---|---|---|---|
| आवश्यक संख्या | ५ | ५ | ३ | ५ | ५ | ५ | ५ |

**नोट:** प्राप्त आवेदनहरुमध्ये कोषको आवश्यकता र औचित्यताका आधारमा कार्यक्षेत्र तोकी काममा कोषले खटाउन सक्नेछ।

**इच्छुक फर्म/कम्पनीको न्यूनतम योग्यता :**

- मूल्याङ्कन कर्ताको रूपमा कार्य गर्ने मुख्य उद्देश्यका साथ दर्ता भएको हुनुपर्नेछ।
- कम्तीमा विगत ३ वर्षदेखि सञ्चालनमा रही धितो मूल्याङ्कन कर्ताको रूपमा कार्य अनुभव भएको हुनुपर्नेछ।
- धरौटी बापत रु. १ लाख नगद वा बैंक जमानत बुझाउनुपर्नेछ।
- धरौटी बापतको नगद रकम राष्ट्रिय बाणिज्य बैंक लिमिटेडको निम्न बमोजिमको खाता जम्मा गर्नुपर्नेछ।

| Bank Name | Account Name | Account Number |
|---|---|---|
| Rastriya Banijaya Bank Ltd. | SSF (DHARAUTI KHATA) | 1850100000066001 |

**शर्त तथा बन्देजहरू :**

- आवेदन दिने इच्छुक रजिस्टर्ड फर्म/कम्पनीमा न्यूनतम एक जना Civil Engineer हुनुपर्नेछ।
- फर्म/ कम्पनीसँग आवश्यक पूर्वाधार र सक्षम जनशक्ति हुनुपर्नेछ। इन्जिनियरको हकमा नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता रहेको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ।
- फर्म/कम्पनी कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको तथा प्रचलित कानुनको उल्लङ्घन नगरेको हुनुपर्नेछ।
- आवेदन दिन इच्छुक रजिस्टर्ड फर्म/कम्पनीहरूले काम गर्न चाहेको प्रदेश स्पष्ट रूपमा खुलाई पेश गर्नुपर्नेछ।



CamScanner